श्रीमन् सभाका सभाध्यक्ष ज्यु
गाउँसभाका सदस्य ज्युहरु
पत्रकार मित्र
उपस्थित सम्पूर्ण कर्मचारी साथीहरु

नेपालको ईतिहासमा जनताको सार्वभौमसत्ता समेतको समावेशी एवं समृद्ध राष्ट्र निर्माणको अभियानमा ताँजाकोट गाउँपालिका लगायत देश भरिका न्यायप्रेमी जनताको अविस्मरणीय योगदानको कदर गर्दै वर्तमान धरातलमा उभिएर नयाँ इतिहासको रचना गर्ने बेला आएको छ। यस ऐतिहासिक जिम्मेवारीलाई पुरा गर्नका लागि उच्च संकल्पका साथ नेपाल सरकारले अगाडि सारेको समृद्ध नेपाल सम्पन्न नेपाली भन्ने राष्ट्रिय अभियानलाई आत्मसाथ गर्दै आर्थिक तथा सामाजिक रुपान्तरणका लागि आ ब २०७९।०८० को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउदा खुशी तथा गौरवान्वित भएकोछु। यस अवसरमा जनयुद्ध लगायत विभिन्न सयमयमा भएका ऐतिहासिक जनआन्दोलनमा आफ्नो जीवन उत्सर्ग गरेका महान सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।साथै वेपत्ता, घाइते, अपाङ्ग र नेपाली जनताको सदिऔ देखिको परिवर्तनको सपना साकार गर्ने कामको पहल कदमी लिने अग्रणी नेतृत्व प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।यस सभाका सभाध्यक्ष ज्यु , गाउँ सभाका सदस्य ज्युहरु यस आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम यस सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

१ यस गाउँपालिकामा बसोवास गर्ने सहिद परिवार, घाइते, अपाङग, असहाय, अति विपन्न गरिब, दलित परिवारका आश्रित परिवारका बालबालिकाहरुलाई हाल मदानादेव माध्यामिक विद्यालयमा संचालनमा रहेको हिमाली आवाशीय छात्रवासमा नेपाल सरकारले उपलब्ध गराउदै आएको अनुदान रकम बराबरको रकम थप गरि थप २० जना बालबालिकाको पठन पाठन कार्यलाई आ ब २०७९।०८० को बार्षिक बजेटममा समावेश गरि निरन्तर रुपमा अगाडी बढाइने छ ।

२ सन् २०१९ को डिसेम्वरको अन्तिम साताबाट उत्पन्न भइ विश्वका विकसित मुलुक विकाससशिल र विकासोन्मुख मुलुकमा परेको नकरात्मक प्रभावबाट हाम्रो मुलुक समेत अछुतो रहन सकेन । त्यसको प्रत्यक्ष प्रभावबाट हाम्रो गाउँपालिका समेत प्रभावित भएको अवस्थाबाट भर्खर भर्खर तङरिन आटेको यस गाउँपालिकामा दुई

Scanned with CamScanner

वर्षसम्म अवरुद्ध भएको पठनपाठन लगायतका अन्य कामहरुको पुन स्थापनामा विशेष ध्यान दिइने छ ।

३ समाजवादमा आधारित जनसहभागिता मूलक विकास र सुशासन सहितको समृद्ध ताँजाकोट निर्माणका लागि शान्ति, समृद्धि र समतामुलक समाज निर्माण मार्फत न्यायपूर्ण एवं समावेशी समाजवादी व्यवस्थाको आधार तयार गरिने छ ।

४ विश्व खाद्य (पाइलट प्रोजेक्ट) कार्यक्रमसँगको समन्वय र सहकार्यमा यस गाउँपालिकाका उत्पादन हुने क्षेत्रको पहिचान गरि खाद्य संप्रभुता,र पोषण सुरक्षाको ग्यारेन्टी गरिने छ ।

५ जनताका ईच्छा आकांक्षा आवश्यकता र मागमा आधारित योजना निर्माण गरि जनसहभागिता मार्फत त्यसको कार्यान्वयन गरिने छ ।

६ यस गाउँपालिकाका सबै घरहरुमा विद्युतीकरण गर्ने कार्यक्रम अनुसार वडा नं ४ र ५ मा बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र गाउँपालिकाको संयुक्त लगानीमा १२५ किलोवाट विद्युत उत्पादन भइ उक्त वडाका सबै घरधुरीहरुमा विद्युत सेवा विस्ता भइ सकेको र बेदायती नागरिकको सहयोगबाट यस गाउँपालिका वडा नं ४ को कर्पुखोलामा १०० किलोवाट विजुली उत्पादन भइ सकेको अवस्थामा वडा नं ३ ४ र ५ वडाका सबै घरधुरी विद्युत सेवा पुगि सकेको छ अव बाँकी रहेका वडा नं १ र २ का प्रत्येक घरधुरीलाई विद्युत सेवा पुर्याउन अल्पकालिन रुपमा सोलार जडान गरि सकिएको र दिर्घकालिन रुपमा यस गाउँपालिकाको गाउँ गौरबको रुपमा रहेको कवाडी खोला लघु लजविधुत योजनाको कामलाई यसै आर्थिक वर्षको मध्यवधि समयसम्म सम्मन्न गर्न उपभोक्ता समितिलाई विशेष निर्देश गरि काम सम्पन्न गर्न जोडदार पहल गरिने छ ।

७ यस गाउँपालिकामा निर्माण भएको रिङरोड मैला कवाडी देखि छप्रेला, वडा नं ४ को गोठेलवाडा हुँदै वडा नं ५ को कार्यालय र वडा नं ४ को पैमा देखि गोठेलवाडा र वडा नं ५ को वडा कार्यालय जोड्ने ग्रामीण सडक निर्माणका ट्र्याक ओपन गर्ने काम पुरा भई सकेको हुनाले अव उक्त सडक बाह्रै महिना संचालन गर्नका लागि कर्णाली प्रदेश सरकार तथा पूर्वाधार विकास कार्यालय हुम्लासँगको समन्वय र सहकार्यमा उक्त सडकको स्तर उन्नति गर्न समन्वय गरि यातायातको सुनिश्तिता गरिने छ ।

Scanned with CamScanner

८ भरखरै सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा यस गाउँपालिकाका जनप्रतिनिधिको उम्मेदवार हुँदा जनताको घर घरमा जाँदा एक घर एक पानीको धारा र एक शौचालय निर्माणा गर्ने भन्ने मुख्य नारालाई साकार बनाउन संघीय खानेपानी मन्त्रालय र विभागसँगको सहकार्यमा उक्त कार्य यसै आर्थिक वर्ष भित्र खानेपानी योजना निर्माण नभएका गाउँ बस्तीमा खानेपानीका धाराहरु जडानमा विशेष पहल गरिने छ ।

९ हालको प्रदेश सरकारद्धारा गाउँपालिकामा आउने अनुदान रकमलाई सिधै गाउँपालिकामा नदिई जिल्ला स्थित आफ्ना कार्यालयद्धारा योजना कार्यान्वयन गर्दा जनताले हिजोको जस्तै केन्द्रिकृत राज्य प्रणालीको आभाष हुने भएकोले अवका दिनहरुमा कर्णाली प्रदेश सरकारबाट यस गाउँपालिकामा निकासा हुने योजनाको रकम सिधै गाउँपालिकाको संचित कोष खातामा निकासाका लागि पहल गरिने छ ।

१० यस गाउँपालिका भित्र रहेका श्री चन्द्र प्रकाश मावि भवन निर्माण , श्री धर्मोदय मावि भवन निर्माण, श्री मदनादेव मावि र श्री जन प्रकाश मावि भवननिर्माण लगायत अन्य विद्यालयहरुको शिक्षक दरबन्दीको सर्भेक्षर गरि व्यवस्थापनमा समेत विशेष ध्यान दिईने छ र शिक्षकको आवश्यक व्यवस्था गरिनेछ। साथै गाउपालिका भित्र रहेका अन्य विद्यालयको भौतिक पूर्वाधार विकासका लागि कर्णाली प्रदेश सरकारको विशेष समन्वयमा कार्य अगाडि वढाईने छ ।

११ यस ताँजाकोट गाउँपालिकामा सञ्चालित जम्मा १८ वटा सामुदायिक विद्यालय र २४ वटा बालविकास केन्द्रको संस्थागत विकास गरी विद्यालय उमेर समुहका बालवालिकालाई नेपालको संविधान २०७२ अनुसार आधारभुत तहसम्म अनिवार्य र निशुल्क र माध्यमिक तहसम्म निशुल्क शिक्षाको व्यवस्था गर्ने मौलिक हक अधिकार बमोजिम शिक्षामा पहुँच गुणस्तर र सान्दर्भिकता कायम गर्न विर्धार्थी भर्नादर वृद्धी गरि शतप्रतिशत विधार्थी आधारभुत शिक्षाको पहुँचमा ल्याउन भर्ना भएकालाई विद्यालयमा टिकाई राख्न नेपाल सरकारवाट प्राप्त दिवा खाजा छात्रवृति छात्राहरुका लागि स्यानेटरी प्याड व्यवस्थापन निशुल्क पाठ्यपुस्तक शिक्षण सिकाई सामग्रि र अभिभावक शिक्षा बालमैत्री भौतिक पुर्वाधारका विकास जस्ता

Scanned with CamScanner

सशर्त अनुदानका कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित नतिजा केन्द्रित रुपमा सञ्चालन तथा कार्यान्वयन गरिनेछ।

१२ शिक्षालाई गुणस्तरीय ,प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगार मुलक र वैज्ञानिक वनाउन अगामी ५ वर्ष भित्रसम्म सम्पूर्ण सामुदायिक विद्यालयलाई विधार्थी संख्या र भौगोलिक नक्साङ्कनका आधारमा विद्यालयस मायोजन गरी हाल सञ्चालनमा रहेका ४ वटा माध्यमिक विद्यालयहरुलाई आवासिय विद्यालयको रुपमा सञ्चालन गरिने छ।

१३ यस गाउँपालिकामा रहेका विपन्न दलित जनजाती अपाङ्ग तथा सिमान्तकृत वर्गका बालवालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि आवासिय छात्रवृतिको व्यवस्था र सम्पुर्ण नागरिकलाई साक्षर नागरिक वनाइ यसै वर्ष साक्षर गाउँपालिका घोषणाको लागि आवश्यक वजेटको व्यवस्थापन गरेको छु।

१४ यस गाउँपालिका अन्तर्गत आधारभुत तथा माध्यमिक विद्यालयमा अध्ययनरत बालवालिकाको सिकाइ उपलब्धि वृद्धि गर्न शैक्षिक गुणस्तर कायम गर्न समयानुकुल आवश्यक प्रविधिमैत्री र प्रतिस्पर्धि शिक्षाको विकास गर्नका लागि विषयगत गाउँपालिका अनुदान शिक्षकको व्यवस्था गरिनेछ।

१५ गाउँपालिका अन्तर्गतका विद्यालयमा अध्ययनरत विधार्थीहरुको सर्वाङ्गिण विकास गर्न अन्तर्रनिहीत प्रतिभा तथा सिपको पर्दशन र प्रर्वदन र प्रतिस्पर्धात्मक भावनाको विकास गर्नका लागि गाउँपालिका स्तरिय विभिन्न किसिमका अतिरिक्त क्रियाकलापहरु अध्यक्ष कप र राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन गरिनेछ।

१६ उत्पादन, रोजगार र समृद्ध सामाजिक रुपान्तरणका लागि स्थानीय आवश्यकताका आधारमा स्थानिय पाठ्यक्रम निर्माण र प्राविधिक व्यवसायिक तथा गुणस्तरिय शिक्षाको प्रवन्ध मिलाइ शिक्षालाई सिप, सिपलाई रोजगार, रोजगारलाई उत्पादन र उत्पादनलाइ आम्दानीसँग जोड्ने शिक्षाको व्यवस्था मिलाइनेछ।

१७ यस गाउँपालिका स्थित सम्पुर्ण विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न र प्रतिस्पर्धात्मक भावनाको विकास गरी निर्धारित सुचकका आधारमा उत्कृष्ट विद्यालय, उत्कृष्ट शिक्षक, उत्कृष्ट प्रधानाध्यापक, उत्कृष्ट अभिभावक तथा उत्कृष्ट विद्यालय व्यवस्थापन समितिको अध्यक्षको छनोट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ।

Scanned with CamScanner

१८ यस गाउँपालिका अन्तर्गतका आधारभुत तथा माध्यमिक विद्यालयलाई थप प्रभावकारी रुपमा विद्यालय सञ्चालन तथा व्यवस्थापन गर्न शैक्षिक गुणस्तर कायम गर्न विधार्थीलाई समयानुकुल ज्ञान सिप र प्रविधिसँगस मायोजन गर्नका लागि विद्यालयको संस्थागत विकास गरी उत्कृष्ट कार्यसम्पादनका आधारमा विद्यालय प्रशासकलाई नेपाल सरकारले उपलव्ध गर्दै आएको मासिक प्र अ भत्तामा शत प्रतिशत थप गरी प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ ।

१९ शिक्षालाई गुणस्तरिय वैज्ञानिक र प्रविधियुक्त वनाउन विद्यालयमा क्रमश आइसिटिको कार्यक्रम, इहाजिरी, सिसि क्यामराको स्थापना गरी डिजिटल विद्यालयको विकास गर्नुका साथै प्राविधिक तथा व्यवसायिक शिक्षालयको स्थापना गरिनेछ।

२० गुणस्तरीय शिक्षा ताँजाकोटको इच्छा भन्ने मुल नाराका साथ ताँजाकोट गाउँपालिका स्थित सम्पुर्ण विद्यालयका शिक्षकको लागि शिक्षक पेशागत विकास तालिम, बालविकासको लागि बालविकास क्षमता विकास तालिम, नयाँ पाठ्यक्रम प्रवोधिकरण, प्रधानाध्यापक नेतृत्व विकास, विद्यालय व्यस्थापन समितिको पदाधिकारीको क्षमता विकास तालिम र अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

२१ राज्यको तीन अंगहरु व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका मध्ये ताँजाकोट गाउँपालिकाको न्याय सम्पादनलाई आगामी दिनमा विशेष महत्वका साथ कार्य गरिनुका साथै यसको व्यवस्थापन गरिने छ र भएका काम कारबाहीलाई व्यवस्थित अभिलेखीकरण गरिने छ ।

२२ नेपाल सरकारको पूर्णखोप स्थानीय तह घोषणा गर्ने लक्ष्य उद्देश्य अनुसार यस गाउँपालिकामा खोप व्यवस्थापनका लागि भ्याक्सिन सव सेन्टर स्थापना गरि उक्त सव सेन्टरका लागि आवश्यक डिप फ्रिज लगायत अन्य औजार उपकरणको व्यवस्थाका लागि कर्णाली प्रदेश सरकारसँग समन्वय गरिने छ ।

२३ यस गाउँपालिकाका सवै वडा बस्तीमा रहेका नागरिकको स्वास्थ्य स्थितिलाई ध्यानमा राखी यस गाउँपालिकामा आवश्यक औषधी तथा स्वास्थ्य उपकरण खरिदका लागि उचित बजेटको व्यवस्था गरिने छ ।

Scanned with CamScanner

२४ यस ताँजाकोट गाउँपालिकाको शिक्षाको स्थितिमा सुधार ल्याउन आर्थिक वर्ष २०७६।०७७ मा पूर्ण साक्षर गाउँपालिका घोषणा गर्ने लक्ष्य लिएको भएता पनि विश्वभर फैलिएको कोभिड १९ का कारणले सफल गर्न नसकिए तापनि आर्थिक वर्ष २०७९।०८० मा उक्त लक्ष्यलाई पुरा गरि साक्षर गाउँपालिका घोषणा गरिने छ ।

२५ यस गाउँपालिकामा निर्माण गरिने आवश्यक महत्वपूर्ण भौतिक पूर्वाधारका संरचना निर्माण गर्दा आवश्यक पर्ने डिपिआर तयार भई सकेको अवस्थामा अव उप्रान्त निर्मामण हुने भवनहरु भवन निर्माण सहिता अनुसारका भौतिक संरचनाहरु तयार गरि कामको थालनी गरिने छ र गाउँ तथा वडा स्तरमा निर्माण हुने घर निर्माण गर्दा अनिवार्य रुपमा नक्शा पासको कामलाई शुरुवात गरिने छ ।

२६ यस गाउँपालिकाका अधिकांश किसानहरु कृषि पेशामा आवद्ध भएका कारण कृषिमा आधुनिकीकरण गर्न पुराना रैथाने अन्नबालीको संरक्षण गर्ने र उन्नत जातका फलफुलका विरुवा,बालीका विउ वितरण कार्यलाई समेत विशेष ध्यान दिईने छ ।

२७ यस गाउँपालिकाको वडा नं ५ को डुङ्ग्री क्षेत्र र वडा नं ३ को बदेलचौर नाउली तथा ठूलाखोला क्षेत्रमा उन्नत जातका स्याउका विरुवा वितरण गरि सो क्षेत्रमा बसोबास गर्न किसानहरुको जीवनस्तर सुधारमा विशेष पहल गरिने छ साथै सो कार्यका लागि आर्थिक वर्ष २०७९।२०८० मा फलफुल कार्यक्रम अन्तर्गत उचित वजेटको व्यवस्था गरिने छ । सो योजनाबाट जनताको जीवनस्तरमा सुधार हुने आशा लिएको छु । उत्पादन रोजगारी र सामाजिक रुपान्तरण हाम्रो अभियान भन्ने नारालाई कार्यन्वय गरिने छ ।

२८ कृषि पेशामा आवद्ध भइ आफ्नो कमाइबाट जीवन निर्वाह गरि बजारमा कृषि उपज बेच्न सक्ने किसानहरुलाई उत्कृष्ठ किसान पुरस्कारद्धारा किसानालाई सम्मान गर्ने व्यवस्था मिलाइने छ ।

२९ किसानसँग सरकार साझेदारी कार्यक्रम अनुसार आफ्नो लगानीबाट कृषि पेशामा लागेका किसानहरुलाई पोत्साहन गर्न किसानसँग सरकार साझेदार कार्यक्रम लागु गरिने छ ।

३० यस गाउँपालिकाका कम्तिमा १५० जना गृहणी महिलालाई गृहणी तालिमको व्यवस्था मिलाइने छ ।

Scanned with CamScanner

३१ यस गाउँपालिकामा रहेका पशुपालक कृषकहरुको पेशालाई सुरक्षित र मुनाफायोग्य बनाउन परम्परागत रुपमा रहेका राँगा बोकाको विस्थापन गरि विकसित जातका राँगा बोका तथा साँढे वितरण कार्यलाई विशेष प्राथमितकाता दिन रकम विनियोजना गरिने छ ।

३२ संचारको क्षेत्रमा विश्व व्यापीकरण भई रहेको अवस्थामा यस ताँजाकोट गाउँपालिकाका जनताहरु संचारको सहज पहुचबाट टाढा रहेको परिप्रेक्षमा नेपाल टेलिकमसँगको समन्वयमा नेपाल टेलिकमको **4G** टावर निर्माण कार्य भई सकेको र उक्त स्थानमा सोलार जडान नहुदा सो सेवा संचालन हुन नसकेको हुदा नेपाल टेलिकमसँगको समन्वयमा उक्त **4G** सेवालाई छिटो भन्दा छिटो सेवा विस्तार गरिने छ ।

३३ यस क्षेत्रको सिंचित खेती योग्य जमिन सिंचाई सुविधाको अभावमा किसानहरुले आफ्नो लगानी अनुसारको प्रतिफल प्राप्त गर्न नसकि बर्षेनी भोकमरीको समस्य भोक्दै आएका यस क्षेत्रका किसानहरुको सो समस्या समाधानका लागि भकारे भाटगाउँ सिंचाई कुलो, पैमा जिउला सिंचाई कुलो, चिहीगाड गल्लावाडा सिचाई कुलो निर्माणका लागि संघीय सरकार, कर्णाली प्रदेश सरकार र अन्य साझेदार निकायाको पहलमा निर्माण कार्यलाई यस आर्थिक वर्षमा समेत निरन्तरता दिइने छ ।

३४ यस क्षेत्रका पुरातात्तिक महत्वका क्षेत्रहरुको संरक्षणका लागि सोसँग सरोकारवाला निकायहरुसँगको समन्वयमा कार्य अगाडी बढाईने छ ।

३५ जिल्ला सदरमुकामदेखी ४८ कोष टाढा रहेको यस गाउँपालिकामा रहेका नागरिकहरुका आधारभुत औषधी उपचार समयमा नै हुन नसकि अकालमा नै ज्यान गुमाउनु पर्ने बाध्यतालाई ध्यानमा राखी आर्थिक वर्ष २०७७।०७८ को बजेटबाट गाउँपालिकाको आफ्नै श्रोत र कर्णाली प्रदेश सरकारको संयुक्त साझेदारीमा एम्बुलेन्स खरिदका भई सकेको सन्दर्भमा उक्त एम्बुलेन्स संचालनलाई व्यवस्थित वनाई जनताको स्वास्थ्य समस्यालाई निराकण गरि एम्बुलेन्स संचलान तथा व्यवस्थापनलाई सहज र सरल गरिने छ

३६ यस गाउँपालिकामा आ व २०७९/०८० भित्र स्वास्थ्य सेवालाई गुणस्तरीय वनाउनर स्वास्थ्य संस्थामामै सुरक्षित सुत्केरी गराई बाल मृत्यूदर र मातृ मृत्यूदर

Scanned with CamScanner

जिरोमा पुर्याउनका लागी स्वास्थ्य क्षेत्रको अभिन्न अङ्गको रुपमा हालसम्म कार्यरत सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकालाई उचित प्रोत्साहन भत्ताको ब्यवस्था गरिनेछ छ ।

३७ नेपाल सरकारको एक स्थानिय तह एक प्रयोगशालाको निति बमोजिम ताँजाकोट गाउँपालिकाका सम्पुर्ण बासिन्दालाई स्वास्थ्य सेवाको पहुँच पुर्याई स्वास्थ्य क्षेत्रको आर्थिक ब्यायभार कम गराउन र समयमै सहि रोगको परिक्षण र निदानका लागी ताँजाकोट गाउँपालिका मैला स्वास्थ्य चौकीमा आधारभुत स्वास्थ्य परिक्षण सम्वन्धि प्रयोगशाला स्थापनाको लागी पहल गरिनेछ ।

३८ यस गाउँपालिकामा रहेको कुपोषणको समस्यालाई न्यूनिकरण गर्न ,बाल मृत्यूदर र मातृ मृत्यूदर कम गर्न स्वास्थ्य चौकिमा ४ पटक प्रोटोकल अनुसार चेकजाँच गराई सुत्केरि हुने महिला दिदि बहिनिलाई पोषणयुक्त अध्यक्ष कोसेली कार्यक्रमको ब्यवस्थापन गरिनेछ

३९ यस गाउँपालिकामा रहेका सम्पुर्ण स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मिबाट स्वास्थ्य संस्थाको सेवा क्षेत्र भित्रका वडामा बसोवास गर्ने सबै मानिसहरुको महिनाको कम्तिमा एकं पटक निशुल्क स्वास्थ्य परिक्षण गर्ने ब्यवस्था मिलाईने छ र टाढा रहेका बस्तिमा कम्तिमा बर्षको १ पटक स्वास्थ्य घुम्ति शिबिरको प्रवन्ध मिलाईने छ

४० यस गाउँपालिकामा रहेका सवै स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत कर्मचारीलाई जोखिम भत्ताको ब्यवस्थापनमा विषेश पहल गर्नुका साथै सवै संस्थामा उचित खानेपानि र संस्थाको ब्यवस्थापनमा जोड दिइने छ ।

४१ नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस ताँजाकोट गाउँपालिकाले उच्च प्राथमिकतामा राख्ने छ ।

४२ बहुक्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धी तथा प्रतिफल प्रासीको लागि बिषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र सम्वेदनशिल क्रियाकलाहरु सन्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बाल पोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासन आदिमा समेत बहु क्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै लगिने छ ।

Scanned with CamScanner

४३ सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढिकरण तथा व्यवस्थित गर्न यस चालु आ व देखि सामाजिक सुरक्षा भत्ता भुक्तानी प्रणालीलाई अनिवार्य रुपमा वैंकिङ प्रणालीमा आवद्ध भई सकेको हुनाले उक्त रकम नियमित रुपमा लाभग्राहीको बैंक खातामा जम्मा गरिने छ र व्यक्तिगत घटना दर्ता प्रणालीलाई अनिवार्य रुपमा अनलाईन प्रणालीमा आवद्ध गरिने छ ।

४४. रोजगारी गुमाएका तथा विदेशवाट स्वदेश फर्किएका लघु उद्यम गर्न चाहने युवाहरुलाईयस गाउँपालिकामा उद्यम विकास शाखा अन्तर्गत निसाका हुने रकममा आवद्ध गरि लघु उद्यम विकासको माध्यमबाट रोजगारी सिर्जना गरिने छ ।

४५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार रहेका गाउँपालिका भित्रका प्रत्येक बेरोजगार युवाहरुलाई १०० दिनको रोजगारी सृजना गरि बेरोजगारीको समस्यालई समाधान गरिने छ ।वेरोगार व्यक्तिको सुचीमा सुचिकृत व्यक्तिको अनिवार्य रुपमा वैक वैक मार्फत कामको ज्याला वापत रकम भुक्तानी गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ र उक्त प्रणालीमा आवद्ध हुन नसेको वेरोजगार व्यक्तिहरुलाई वेरोजगारको सुचीमा सुचीकृत गराउने कामालाई विशेष ध्यान दिइने छ ।

४६. यस गाउँपालिका भित्र रहेका दलित र महिलालाइ इन्जिनियर पढन चाहने १/१ जना र विद्यार्थीलाइ छात्रवृत्ति प्रदान आ व २०७७।०७८ को गाउँ सभाको नीतिलाई निरन्तरता दिईने छ ।

४७ जनयुद्ध तथा जन आन्दोलनका घाइते र सहिद परिवार, अपाङ्ग वेपत्ता परिवारका व्यक्तिको परिवारका सदस्यलाई शिक्षा स्वास्थ्य र रोजगारीमा बिशेष महत्व दिइने छ ।

४८. समाजमा रहेका छुवाछुत तथा छाउपडी प्रथा अन्त्य गर्नका लागि कडा कदम चालिने छ । यदि समाजमा यस्ता खालका कुनै क्रियाकलाप भएको पाईएमा त्यसलाई कडा कारबाही गरिने छ ।

४९. यस ताँजाकोट गाउँपालिकामा सास्कृतिक सम्पदाको संरक्षणमा विशेष जोड दिइनेछ

Scanned with CamScanner

५० .यस गाउँपालिकाको रामा, अदानचुली, दैमाण्डौ, खलाडिल, खौला लगायतका अन्य धार्मिक महत्वका क्षेत्रलाई देश तथा विदेशमा परिचित गराइ पालिकाको पर्यटन प्रवर्द्धनमा विशेष ध्यान दिईने छ ।

५१ यस गाउँपालिका वडा नं ३ को ठूला सिम र वडा नं ५ को खौलामा पर्यटन पार्कको विकास गरि आन्तरिक पर्यटकलाई आकर्षण गरि गाउँपालिकाको आन्तरिक आय बढाउन सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा लक्ष्य प्राप्तिमा विशेष ध्यान दिइने छ ।

५२ यस गाउँपालिकाको वडा नं २ पैमा बजार र वडा नं ५ मा होमस्टेको विकास गरि आन्तरिक पर्यटकलाई आकर्शित गरि निम्न आय भएका जनताको जीवनस्तरमा सुधार ल्याउन सम्बन्धित निकायसँग समन्वय तथा सहकार्यको नीति लिइने छ ।

५३ गाउँपालिकाको आन्तरिक आम्दानीका श्रोतहरुको खोजी जल जमिन र जंगल पर्याटकिय क्षेत्रको विकास गरिने छ

धन्यवाद

सुरेन्द्र वहादुर थापा

गाउँपालिका उपाध्यक्ष

मिति २०७९।०३।१०

यस सभाका सभाध्यक्ष ज्यु गाउँ सभाका सदस्य ज्युहरु यस आर्थिक वर्ष २०७७।०७८ को ताँजाकोट गाउँपालिको विनियोजन ऐन २०७९ यस सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

Scanned with CamScanner

आर्थिक वर्ष २०७९।०८० सालको लागि विनियोजित बार्षिक बजेट

| स | योजनाहरुको विवरण | ठेगाना | विनियोजित रकम |
|---|---|---|---|
| १ | आ ब २०७७।०७८ को प्रदेश समपुरक तथा विशेष अनुदान र संघीय समपुरक तथा विशेष अनुदानमा तपशिलका योजनाहरुको वेरुजू संचित कोषमा फिर्ता | ताँजाकोट गा पा | |
| क | धर्मोदय मावि भवन निर्माण | ताँजाकोट ३ | २२७०२९५ |
| ख | चाटाबगर देखि रामऔलसम्म सिचाई कुलो निर्माण | ताँजाकोट ३ | ३७७६११२ |
| ग | डुङग्री स्याउ फारम घेरबार | ताँजाकोट ५ | २३७०६१० |
| २ | प्रशासकीय भवन संघीय सपमुरक अनुदान | ताँजाकोट ३ | २००००००० |
| ३ | भकारे भाटगाउँ संघीय समपुरक अनुदान | ताँजाकोट ३ | २०६७६६१ |
| ४ | नौलाला सिचाई कुलो संघीय विशेष अनुदान | ताँजाकोट ४ | १८५०००० |
| ५ | चाटाबगर सिचाई कुलो प्रदेश समपुरक अनुदान | ताँजाकोट ३ | १४८७१०० |
| ६ | चिहीगाड सिचाई कुलो निर्माण प्रदेश विशेष अनुदान | ताँजाकोट ४ | ९५०००० |
| ७ | चन्द्र प्रकाश मावि भवन निर्माण प्रदेश समपुरक अनुदान | ताँजाकोट ४ | २२५९४०० |
| ८ | गाउँपालिका अध्यक्ष उपाध्यक्षको आवास निर्माण | ताँजाकोट ३ | ८००००० |
| ९ | नौलादेव प्रा वि भवन निर्माण | ताँजाकोट ४ | १०००००० |
| १० | गाउँपालिकाको शौचालय निर्माण | ताँजाकोट ३ | ३००००० |
| ११ | जन प्रकाश मा वि फर्निचर निर्माण | ताँजाकोट १ | १५०००० |
| १२ | घुडेपातल देखि वडा नं ५ जोड्ने सडक | ताँजाकोट ५ | ६०००००० |
| १३ | महादेश प्रा वि भवन निर्माण | ताँजाकोट ४ | ३००००० |
| १४ | मदनादेव मा वि भवन निर्माण संघीय समपुरक अनुदान | ताँजाकोट ५ | ३८५०००० |
| १५ | मदनादेव मा वि भवन निर्माण प्रदेश समपुरक अनुदान | ताँजाकोट ५ | २७५१६५० |
| १६ | वडा नं ५ मा च्याङ्लर ओखर खेती प्रदेश विशेष अनुदान | ताँजाकोट ५ | ३२८५००० |
| १७ | मैला स्वास्थ्य चौकी घेरबार मर्मत | ताँजाकोट २ | २००००० |
| १८ | रामदेव आ वि भवन निर्माण | ताँजाकोट ३ | ५००००० |
| १९ | ५ वटा वडा कार्यालयका लागि मोटरसाइकल खरिद | ५ वटै वडा | १५००००० |
| २० | बालविकास सहयोगी र विद्यालय कर्मचारी तलब | गाउँपालिका | ४०००००० |
| २१ | शिक्षक तथा प्र. अ. को पेशागत तालिम र अन्य विविध | गाउँपालिका | १०००००० |
| २२ | औषधि तथा उपकरण खरिद | गाउँपालिका | २५००००० |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| २३ | कृषि तर्फ | गाउँपालिका | ५००००० |
| २४ | पशु तर्फ | गाउँपालिका | ५००००० |
| २५ | न्यायिक समिति संचालन तथा व्यवस्थापन | गाउँपालिका | १०००००० |
| २६ | मर्मत संभार कोष | गाउँपालिका | ३५००००० |
| २७ | समावेशी तर्फ | गाउँपालिका | ५००००० |
| २८ | लामाकान सिचाई कुलो निर्माण | ताँजाकोट २ | ३००००० |
| २९ | विविध तथा भैपरी आउने | ताँजाकोट गापा | २००००० |
| ३० | भैसाबाझ काँडागाउँ सडक मर्मत | ताँजाकोट १ | १००००० |
| ३१ | ५ वटा वडामा कुटानी पिसानी मिल खरिद | ताँजाकोट | ३५००००० |
| ३२ | मदना मा वि छात्रावास व्यवस्थापन खर्च | ताँजाकोट ५ | १०५०००० |
| ३३ | ठाडाचौर खोला स्याउ फारम घेरबार | ताँजाकोट २ | ४००००० |
| ३४ | कटेलगाउँ खानेपानी मर्मत | ताँजाकोट २ | १५०००० |
| ३५ | रोकायावाडा सडक मर्मत | ताँजाकोट ३ | १००००० |
| ३६ | थाप्ला काले मन्दिर निर्माण | ताँजाकोट ४ | १००००० |
| ३७ | झिमाल गाउँ तरकारी खेती तथा सिचाई पोखरी निर्माण | ताँजाकोट १ | १००००० |
| ३८ | खलाडिल सामुदायिक सुन्तला खेती सिचाई पोखरी तथा घेरबार | ताँजाकोट १ | ४००००० |
| ३९ | तेलाली खोला कटेलगाउँ सडक ग्याभिन कार्य | ताँजाकोट २ | १५०००० |
| ४० | रामदेखि बदेलचौरसम्म बाटो मर्मत | ताँजाकोट ३ | ७०००० |
| ४१ | मुसुरे कुलो मर्मत, औल बस्ती बाटो र मासपुर बाटो | ताँजाकोट ३ | १४०००० |
| ४२ | कुनापानी टिमुर खेती | ताँजाकोट २ | २००००० |
| ४३ | बज्जुमाडु मन्दिर निर्माण | ताँजाकोट २ | २००००० |
| ४४ | वडा कार्यालय मर्मत तथा खापा मर्मत | ताँजाकोट २ | २००००० |
| ४५ | क्षेत्रपाल आ वि फिल्ड निर्माण | ताँजाकोट २ | २००००० |
| ४६ | पलउडाडा स्याउफारम घेरबार | ताँजाकोट ३ | २००००० |
| ४७ | भैसाबाझ खानेपानी योजना | ताँजाकोट १ | ५००००० |
| ४८ | गिठ्याना सिचाई कुलो निर्माण | ताँजाकोट १ | ५००००० |
| ४९ | घटमाना खानेपानी योजना | ताँजाकोट १ | ५००००० |
| | कुल जम्मा | | ८०४२८७८८ |

Scanned with CamScanner